# डलरवृद्धिले महँगी बढाउने

काठमाडौं, २९ जेठ
अमेरिकी डलरसँग नेपाली रुपैयाँको अवमूल्यन हुने क्रम नरोकिएपछि
सर्वसाधारणले थप महँगीको सामना गर्नुपर्ने भएको छ । पछिल्लो महिनादेखि नेपाली रुपैयाँको तुलनामा डलर बलियो बन्दै गएको छ ।
राष्ट्र बैंकको बुधबारको विनिमय दरअनुसार नेपाली रुपैयाँको तुलनामा डलर अहिलेसम्मकै महँगो भएको हो । राष्ट्र बैंकले तोकेको विनियम दरअनुसार अमेरिकी डलरको बिक्रीदर ९३ रुपैयाँ ७९ पैसा तथा खरिददर ९१ रुपैयाँ १९ पैसा रहेको थियो ।
राष्ट्र बैंकले बिहीबार तोकेको विनियमदरअनुसार बुधबारको तुलनामा डलरमूल्य घटेको छ । बिहीबार बिक्रीदर ९३ रुपैयाँ ११ पैसा तथा खरिददर ९२ रुपैयाँ ५१ पैसा रहेको छ ।
राष्ट्र बैंकले मौद्रिक नीतिमा मुद्रास्फिति साढे ७ प्रतिशत रहने बताए पनि त्यसलाई नियन्त्रणमा लिन सकेको छैन । राष्ट्र बैंकले आन्तरिकभन्दा बाह्य कारणबाट मूल्यवृद्धि नियन्त्रणमा आउन नसकेको बताउँदै आएको अवस्थामा बढेको डलरमूल्यले मूल्यवृद्धि नियन्त्रणमा थप चाप पर्नेछ ।
आयात तुलनामा निर्यात बढी हुने गरे मात्र मुद्रामा हुने अवमूल्यनले नेपाललाई फाइदा पुग्न सक्थ्यो । नेपालको आयात बढी हुने हुँदा डलर मूल्यवृद्धिसँगै उपभोक्ताले उपभोग गर्ने वस्तुमा बढी मूल्य खर्च गर्नुपर्ने भएको हो । नेपालीले उपभोग गर्ने बहुसंख्यक वस्तु आयातित हुने गरेका छन् । त्यस्ता वस्तु अमेरिकी डलरमा भएको मूल्यवृद्धिसँगै महँगो हुने गर्छन् ।
हालको डलरवृद्धिले मूल्यवृद्धिलाई बढाउन सहयोग पुग्ने अर्थविद् केशव आचार्यले बताए । 'आयात हुने वस्तुको मूल्य बढ्ने भएपछि मूल्यवृद्धि नियन्त्रण गर्न सहज हुँदैन । यसबाट उपभोक्ताले उपभोगका लागि गर्ने खर्च स्वत: बढ्छ,' उनले भने ।

राष्ट्र बैंकका अनुसार नेपालले चालू आर्थिक वर्षको नौ महिनामा वस्तु आयातका लागि ४ खर्ब ८ अर्ब रुपैयाँ खर्च भएको छ । सोही अवधिमा नेपालले वस्तु आयातबाट जम्मा ५७ अर्ब १६ करोड रुपैयाँ आर्जन गरेको छ । बढ्दै गएको व्यापार घाटालाई डलर मूल्यवृद्धिले थप बढाउनेछ । नेपालले आयात गर्ने प्रमुख वस्तुमध्येको पेट्रोलियम मूल्यमा यसले तत्काल प्रभाव पार्नेछ । नौ महिनामा मात्र ७८ अर्ब रुपैयाँको पेट्रोलियम पदार्थ भित्रिएको छ ।
राष्ट्र बैंकका प्रवक्ता भाष्करमणि ज्ञवाली डलरको मूल्यवृद्धिले मूल्य बढाउने बताउँछन् । 'मूल्यवृद्धि ठूलो आकारले भने बढ्दैन,' उनले भने ।
डलर मूल्यवृद्धिले तत्काल ठूलो प्रभाव नदेखाउने अर्थविद् डा. रत्नाकर अधिकारीको टिप्पणी छ । 'विलासी वस्तुको मूल्य बढे पनि तत्कालै ठूलो प्रभाव पर्ने देखिँदैन । यसले महँगीलाई केही बढाउन सक्ने देखिन्छ,' उनले भने । नेपालको दुई तिहाइ व्यापार भारतसँग भएकाले भारतबाट आउने पेट्रोलियम पदार्थबाहेक अन्य वस्तुको मूल्यमा तत्काल कुनै परिवर्तन नआउने अधिकारीले बताए ।
डलरवृद्धिले नेपालमा तेस्रो मुलुकबाट आउने गरेका विलासी वस्तु तथा पेट्रोलियम पदार्थको मूल्य बढ्नेछ । भारतमा डलर मूल्यमा भएको वृद्धिसँगै पेट्रोलियम पदार्थको मूल्य बढिसकेको छ ।
डलरमा भएको मूल्यवृद्धिका कारण नेपालले तिनुपर्ने वैदेशिक ऋणको लागत बढ्नेछ । विद्युत् प्राधिकरणले डलरमा गरेको जलविद्युत् आयोजनाको पिपिएका कारण प्राधिकरणको लागतसमेत बढाउनेछ । विदेशमा अध्ययन गर्न जान लाग्ने तथा घुम्न जाने डलरको मूल्यमा भएको वृद्धिबाट प्रभावित हुनेछन् ।
अमेरिकी डलरको बढ्दो मूल्यले मूल्यवृद्धि बढाउन अर्को प्रमुख कारण रेमिट्यान्स हुने देखिएको छ । डलरमा भएको मूल्यवृद्धिसँगै रेमिट्यान्स आप्रवाह बढी उपभोग क्षमता बढाउने हुँदा मूल्यवृद्धि बढ्ने स्थिति छ ।
नेपालको निर्यात तत्काल नबढ्ने भएकाले सेवाक्षेत्रअन्तर्गतको पर्यटन प्रवद्र्धन गरिनुपर्नेमा अर्थविद् आचार्यको सुझाब छ । 'डलर बलियो भएको समयमा पनि नेपालको  निर्यातमा ठूलो सुधार आउने सम्भावना छैन ।  पर्यटन क्षेत्रबाट हुने आम्दानी भने बढाउन सकिन्छ,' आचार्यले भने । बढ्दो डलरमूल्यले नेपाललाई डलर बिक्री गरी भारतीय रुपैयाँ खरिद गर्न दबाब पर्ने तथा अनौपचारिक रूपमा भारु कारोबार बढ्ने देखिन्छ ।
डलरको मूल्यवृद्धिले व्यापारघाटा बढाए पनि सेवा क्षेत्रबाट हुने आय बढाउनुपर्ने सुझाब अर्थविद्को छ । तत्कालै डलरको मूल्यवृद्धिबाट आत्तिनुपर्ने अवस्था नरहेको तथा भारतीय केन्द्रीय बैंकले केही कदम चाल्न सक्ने अर्थविद् अधिकारीले विश्लेषण छ । 'भारतीय अर्थतन्त्रमा डलरको बढ्दो मूल्यले प्रभाव पारिसकेको छ । भारतीय बजारमा हस्तक्षेप गर्न दबाब परेको छ,' अधिकारीले भने ।